पर्यटनको नयाँ गन्तव्य

# लिम्चुङबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर, नेपाल

## औषधि, सर्जिकल सामान खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/११/११**

यस गाउँपालिकाको चालु आ.व. ०८०/०८१ को स्विकृत कार्यक्रम अनुसार आवश्यक तथा आधारभुत औषधि एवम औषधि जन्य सामानहरु शिलबन्दी दरभाउको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक फर्म, संस्था, सप्लायर्स वा कम्पनिहरुबाट देहाय वमोजिमका शर्तहरुको अधिनमा रहि रितपुर्वक शिलबन्दि दरभाउपत्र पेश गर्नुहुन सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) औ दिन विहानको १०.०० बजे भित्र रु. १०००।— अक्षरेपी रु एक हजार मात्र तिरी (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाको जिन्सी शाखाबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. इच्छुक फर्म, संस्था, सप्लायर्स वा कम्पनिहरले दरभाउपत्र खरिद गर्दा आ.व. २०८०/०८१ का लागि नवीकरण गरिएको फर्म, संस्था, सप्लायर्स वा कम्पनि दर्ताको प्रमाणपत्र, औषधि व्यवसाय प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र तथा आन्तरिक राजश्व विभाग वा कार्यालयबाट आ.व। २०७९/०८० को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरि रु १० को टिकट टाँस गरेको निवेदन साथ पेस गर्नु पर्नेछ।

३. दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिनमा शिलबन्दि दरभाउपत्र यस कार्यालयमा दिनको ११:०० बजेभित्र दाखिला गरिसक्नु पर्नेछ।

४. शिलबन्दि दरभाउपत्र फारम दर्ता भएको दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिनेछ।

५. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन विदा पर्न गएमा उक्त कार्यहरु सोको भोलिपल्ट हुनेछ।

६. शिलबन्दी दरभाउपत्र साथ जमानत वापत उल्लेखित भए अनुसारको रकम यस कार्यालयको नेपाल एस.वि.आइ बैङ्क, लिम्चुङबुङ शाखा, उदयपुरमा रहेको धरौटी खाता नं. ४३२२५२४०६०००03 मा जम्मा गरि सक्कल बैङ्क भौचर अनिवार्य रुपले पेश गर्नुपर्नेछ।

७. दरभाउपत्र दाखिला गर्दा फर्म, संस्था, सप्लायर्स वा कम्पनिहरुले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा औषधि व्यवसाय सम्बन्धि पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र बोलपत्र सम्बन्धि कागजात सँग शिलबन्दी गरी पेश गर्नु पर्नेछ। उल्लेखित कागजातहरु पेश नगर्ने दरभाउपत्रदाताको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८. एक फर्मको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता हुने छैन।

९. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर रेट पेश गर्नु पर्नेछ। दर रेट भर्दा औषधिको MRP भन्दा ननाघ्ने गरी भर्नुपर्नेछ। दरभाउपत्र भर्दा औषधिको होलसेल, डिलबोनस समेतको प्रति एकाइ नेट दररेट भर्नुपर्नेछ।

१०. दरभाउपत्र स्विकृत भएपछि सम्झौता गर्न आउदा कवोल अंकको थप २.५% ले हुन आउने रकम माथि उल्लेखित खातामा नगद जम्मा गरेको बैङ्क भौचर वा बैङ्क जमानत पेश गर्नु पर्नेछ।

११. गाउँपालिकामा आपुर्ति गरिने औषधि तथा सर्जिकल सामानमा लाग्ने ढुवानी खर्च तथा सम्पूर्ण करहरु दरभाउपत्र दाताले नै वेहोर्नु पर्नेछ।

१२. औषधि दाखिला हुन आउदा सम्म औषधिको म्याद १८ महिना भन्दा बढिको हुनु पर्नेछ तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date को ८०% म्याद बाँकी हुदा दाखिला ग्रने सकिनेछ। सो भन्दा कम अवधिको औषधि स्वीकार्य हुने छैन।

१३. सम्पूर्ण औषधिहरु WHO GMP Certified तथा सर्जिकल सामानहरु ISO Certified कम्पनिहरुबाट उत्पादित समानहरुमात्र खरिद हुनेछ।

१४. बोलपत्र दाताले कवोल गरेको दररेट अंक र अक्षर दुवैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा आधिकारिक व्यक्तिको अस्ताक्षर हुनु पर्नेछ।

१५. रित नपुगेको म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको शिलबन्दी दरभाउपत्र माथी कुनै कारवाही हुने छैन।

१६. दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा वा आइटमवाइज बोलकबोल अङ्क मध्ये न्युनतम मुल्यका आधारमा स्वीकृत गरिनेछ। साथै दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेखित सम्पुर्ण आइटमहरुको दररेट उल्लेख गर्नुपर्नछ। आंशिक आइटमहरुको दररेट उल्लेक भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१७. दरभाउपत्रदाताले दरभाउपत्र फारममा प्रत्येक औषधि तथा सर्जिकल सामान आइटमवाइज सत्पादन कम्पनि (WHO GMP and ISO Certified Company) को नाम अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ। यसरी कम्पनि उल्लेख नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। सुइ, धुलो तथा झोल औषधिहरु बाहेक अन्य औषधिहरु स्टिपमा आपुर्ति गर्नु पर्नेछ।

१८. प्राप्त हुन आएका दरभाउपत्र पूर्णरुपमा स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा नै सुरक्षित रहने छ। साथै औषधि तथा सर्जिकल सामानहरु गाउँपालिकाको आबश्यकता अनुसार खरिद हुनेछ।

१९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

२०. यस सम्बन्धमा केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

२१. आफुले सप्लाई गर्ने प्रत्येक औषधिमा यो औषधि निशुल्क वितरणको लागि वा यो औषधि/ सामान बिक्रिको लागि होइन भन्नी प्याकिङमा उल्लेख भएको हुनुपर्ने छ।

| क्र.सं. | ठेक्का नम्बर | विवरण | दरभाउपत्र फारम दस्तुर | कुल लागत रकम | धरोटि रकम | दरभाउपत्र खरीद गर्ने अन्तिम मिती | दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | LRMH-01/080/081 | औषधि खरिद सम्बन्धि कार्य | १०००।- | ११,७४,००० | २९, ५०० | २०८०/११/१७ गते बिहानको १० बजे सम्म | २०८०/११/१७ गते बिहनको ११ बजे सम्म | २०८०/११/१७ गते दिनको २ बजे |

यगेन्द्र राज गुरुङ

प्रमुख प्रशासकीय अधिकृत